## ५८ औं कार्यपालिका निर्णयहरु (मिति २०८२।०८।२५)

**प्रस्ताव नं.१ आर्थिक सहायता (उपचार खर्च) सम्बन्धमा ।**

निर्णय नं. १ यस कार्यालयमा नगर प्रहरी सहायक निरिक्षक पदमा कार्यरत श्री पहल बहादुर शाह मिति २०८२।०६।१७ गते दिउसो १.३० वजे कार्यालयको कामको सिलसिलामा कार्यलयमा काम गरी रहेको अवस्थामा अचानक वेहोस भै टीकापुर अस्पतालमा भर्ना भएकोमा टीकापुर अस्पतालवाट उपचार हुन नसकी थप उपचारका लागी सुविधा सम्पन्न भएको उपचार केन्द्रमा रेफर भै बाँके जिल्लाको नेपालगञ्ज स्थित श्री नेपालगञ्ज न्युरो हस्पिटलमा ३ दिन सम्म डाक्टरको प्रत्यक्ष निगरानीमा उपचार भएकोले निज निवेदकको उपचारमा लागेको खर्चको सक्कलै विल भर्पाई बमोजिमको खर्च रकम रु.४०१०७।- अन्य सामाजिक सहायता शिर्षकमा विनियोजित वजेट शिर्षकवाट भुक्तानी गर्ने ।

**प्रस्ताव नं.२ महिला स्वास्थ्य स्वयमसेवीकाहरुको दीर्घकालीन सम्मान सेवा सम्बन्धमा ।**

निर्णय नं.२ टीकापुर नगरपालिकाको महिला स्वास्थ्य स्वयसेविका दीर्घकालीन सम्मान सेवा सम्बन्धि मापदण्ड २०७९ बमोजिम यस वर्ष दीर्घकालीन सम्मान सेवा प्राप्त गर्ने १ जना सामुदायिक महिला स्वास्थ्य स्वयसेविकालाई रु.८००००।- अक्षरेपि असी हजार मात्र रकमवाट महिला स्वास्थ्य स्वयमसेविकालाई मासिक प्रतिवेदन बुझाउन आउँदा यातायात खर्च शीर्षकबाट निकासा हुनेगरी सम्मान गर्ने ।

**प्रस्ताव नं.३ आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं.३ टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा फायरमेन पदमा कार्यरत श्री चन्द्रसिह सुनारको ई साइकल मिति २०८२।०५।२४ जेन्जी आन्दोलनका क्रममा आगजनि भएको वडा सदस्य वडा न.२ श्री खम्म ठकुल्ला विरामी भै आर्थिक समस्यवाट गुज्रिरहेको र उपचारमा समस्या भएकोले तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने ।

<u>तपसिल</u>

| क्र.स. | विवरण/व्यक्तिको नाम | रकम रु. | श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | फा.मे.श्री चन्द्र सिह सुनार | २५०००।- | अन्य सामाजिक सहायता | ई-साइकल आगजनी |
| २ | वडा सदस्य श्री खम्म ठकुल्ला वडा नं.२ | ५००००।- | अन्य सामाजिक सहायता | उपचार खर्च |

**प्रस्ताव नं.४ विपद व्यवस्थापन सम्बन्धी सामाग्री खरिद तथा कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

निर्णय नं.४ मिति २०८२।०८।०३ गतेको नगर स्तरीय विपद व्यवस्थापन समितिको बैठकको सिफारिस बमोजिम तपसिलको योजना/कार्यक्रम सञ्चालन गर्ने र गौशालावाट सामुदायीक पशुचौपायवाट सितापुर क्षेत्रमा क्षेति भएको किसानहरुको खेतवालीको उचित राहत उपलब्ध गराउन अध्ययन गरिपेश गर्न कृषि शाखालाई निर्देशन दिने ।

<u>तपसिल</u>

| क्र.सं. | योजना/क्रियाकलापको नाम | ठेगाना | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | कन्टेनरको र्‍याक र बेसमेन्ट निर्माण | टी.न.पा.१ र ६ | ३,५३,३६२।० | विपद तथा प्रकोप व्यवस्थापन कोष |
| २. | सर्प उद्धार सम्बन्धी तालिम तथा सामग्री खरिद (Snake Gloves, Hook, Tongue, Snake handle bag) | टी.न.पा. | ३,००,०००।० | |
| ३. | वुड कटर मर्मत तथा सुकेका रुखहरुको कटानीछटानी | टी.न.पा.१ देखि ९ सम्म | १,००,०००।० | |
| | जम्मा (रु.) | | ७,५३,३६२।० | |

५८ औं कार्यपालिका निर्णयहरु मिति २०८२।०८।२५

कानुन बमोजिम प्रमाणित गरिएको।
२६।८।२०८२
प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं.५ नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरण सम्बन्धमा ।

निर्णय नं.५ टीकापुर नगरपालिकाको मिति २०८१।०८।१२ गते बसेको ४२औं कार्यपालिका बैठकको निर्णय नं. १३ बाट "स्वीकृत" सुदूरपश्चिम प्रदेश, टीकापुर नगरपालिका, वडा नं. २, ५, ७ र ८, कैलाली र बर्दिया जिल्ला सिमाना भएर बग्ने कर्णाली नदी किनारको विभिन्न बगर क्षेत्रबाट बालुवा, गिट्टी तथा ढुंगा संकलनको लागि प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन" मा उल्लेखित कर्णाली नदीको बगर क्षेत्रहरुको स्थानीय अनुगमन समितिबाट मिति २०८२।०८।१५ गते स्थलगत अनुगमन गरी पेश भएको प्रतिवेदन र मिति २०८२।०८।२३ गतेको स्थानीय राजस्व परामर्श समितिको सिफारिस समेतलाई आधार मानि टीकापुर-५ स्थित दौलतपुर मसान घाट क्षेत्र र टीकापुर-८ स्थित सत्ति बनगाउँ घाट क्षेत्रलाई समावेश गरी एक र टीकापुर-५ स्थित साईपुर घाट र टीकापुर-७ स्थित पुरानो मसानघाट क्षेत्रलाई समावेश गरी एक सहित जम्मा २(दुई) वटा प्याकेज बनाई आ.व. २०८२।०८३ मा तपशिल बमोजिमका स्थानहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को उत्खनन, संकलन तथा बिक्री वितरण सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने ।

तपसिल :

| क्र.सं. | स्थान र संकेत नं. | स्वीकृत IEE प्रतिवेदन अनुसार चालु आ.व.२०८२।८३ मा उत्खनन तथा संकलन गर्न सकिने परिमाण (घ.मि.) | कैफियत |
|---|---|---|---|
| १ | दौलतपुर मसानघाट, टी.न.पा.-५, संकेत नं.T51 | ६९३२.६४ | ठेक्का प्याकेज नं.१ |
| २ | सति बनगाउँ घाट, टी.न.पा.-८, संकेत नं.T71 | १३१०४.७२ | |
| | जम्मा | २००३७.३६ | |
| ३ | साईपुर घाट, टी.न.पा.-५, संकेत नं.T54 | ३३०२.५२ | ठेक्का प्याकेज नं.२ |
| ४ | पुरानो मसानघाट, टी.न.पा.-७, संकेत नं.T72 | २०८१८.३५ | |
| | जम्मा | २४१२०.८७ | |
| | कूल जम्मा | ४४१५८.२३ | |

प्रस्ताव नं.६ जग्गा वर्गिकरण सम्बन्धमा ।

निर्णय नं.६ २०८३ असार मसान्त भित्र भू उपयोग क्षेत्र-वर्गीकरण गरी सक्नु पर्ने समय सिमा अनुसार सो कार्यका लागी सत्रौं नगरसभा बैठकबाट रु.१५०००००।- रकम विनियोजन भएकोले यस नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण गर्ने कार्य नियमानुसार प्रकृया अगाडी बढाउने ।

प्रस्ताव नं.७ सिकलसेल एनिमिया तथा थालेसेमिया रोगी निशुल्क विमा कार्यविधि स्वीकृतसम्बन्धमा ।

निर्णय नं.७ नेपालमा थारु समुदायमा देखिने वंशाणुगत रोग सिकलसेल तथा थालेसेमिया रोगका कारण प्रभावित व्यक्तिहरुमा नियमित औषधी, उपचार तथा नियमित विभिन्न प्रकारका जांच गर्नुपर्ने बाध्यता रहेको र यसले समग्र समुदायको बहुआमयिक क्षेत्र सामाजिक आर्थिक उन्नति- जीवनस्तर सुधार र भविष्यको विकासको सम्भावना नै अवरुद्ध हुने अवस्था भएकोले र टीकापुर नगरपालिकामा पनि सिकलसेल, थालेसेमिया रोग लागेका बिरामीहरुको सख्या अत्यधिक भएकोले टीकापुर नगरपालिकामा सिकलसेल, थालेसेमिया रोग लागेका बिरामीहरुका परिवारका सदस्यलाई बीमाद्वारा पुर्व भुक्तानीको माध्यमबाट वीमितको स्वास्थ्य सेवा प्राप्तिमा पारिवारिक आर्थिक व्यभार कम गर्न तथा सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन गर्न र आर्थिक सहयोग कार्यलाई व्यवस्थित गर्न टीकापुर नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ को दफा ४९ र ५१ ले दिएको अधिकार प्रयोगगरी टीकापुर नगरपालिकाको सिकलसेल तथा थालेसेमिया रोग भएका बिरामीका घरपरिवारको नि:शुल्क स्वास्थ्य बिमा कार्यविधि २०८२ स्वीकृत गर्ने ।

प्रस्ताव नं.८ तिन घरुवा पक्कीपुर देखि सरस्वती आ.वि. सम्मको सडक निर्माण सम्बन्धमा ।

निर्णय नं.८ टीकापुर न.पा. वडा नं. १ विशालनगरको तिनघरुवा पक्कि पुल देखि काठे पुल हुदै सरस्वती आधारभूत बिधालय सम्म को बाटो निर्माण गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

कानुन बमोजिम प्रकाशित गरिएको।

२६।८।२०८२

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय, टीकापुर नगरपालिका, टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं.९ ईसाइ धर्मावलम्बीहरुको कार्यक्रम सञ्चालन आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय नं.९ प्रस्ताव नं.९ माथी छलफल गर्दा टीकापुर नगरपालिका क्षेत्रका ईसाइ धर्मावलम्बीहरुको पर्व ख्रिष्टिमस २०८२ को कार्यक्रम सञ्चालनका लागि साहित्य कला र संस्कृति संरक्षण शीर्षकबाट भुक्तानी हुने गरी तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने ।

**तपसिल :**

| क्र.सं. | संस्थाको नाम | आयोजना स्थल | आर्थिक सहयोग रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १. | टीकापुर ख्रीष्टिय एकता समाज | टीकापुर-१ | ७५०००।- | | |

प्रस्ताव नं.१० शहरी स्वास्थ्य प्रवर्द्दन तथा सिकलसेल केन्द्र सञ्चालन सम्बन्धमा ।

निर्णय नं. १० शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्रका लागी आवश्यक मेडिकल अधिकृत लगायत अन्य स्वास्थ्य कर्मिका पदहरु पदपुर्ति कार्य सुदुरपश्चिम प्रदेश स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन २०८१ जारी हुनु पूर्वको प्रकृया भएकोले अधुरो कार्य सम्पन्न गर्न श्रीमुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कैलालीलाई यस कार्यालयबाट मिति २०८२।०५।१७ च.नं. ३९५ को पत्रमा शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्रका लागी आवश्यक मेडिकल अधिकृत लगायत अन्य स्वास्थ्य कर्मि पदपुरति कार्य अगाडी बढाउन सहमति माग भएकोमा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुदूरपश्चिम प्रदेश सरकारवाट कुनै राय तथा निर्देशन प्राप्त हुन नआए पनि माननिय मुख्यमन्त्री सँगको मौखिक तथा टेलिफोन सम्बाद तथा नगर प्रमुखज्यूको निर्देशन बमोजिम पदपुर्ति प्रकृया अगाडी बढाउन निर्देशन भएकोले शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्रका लागी आवश्यक मेडिकल अधिकृत लगायत अन्य स्वास्थ्य कर्मिका पदहरु पदपुर्ति प्रक्रिया रोकीएकै अवस्थावाट तत्काल अगाडी वढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

प्रस्ताव नं.११ दलित युबा युवतीहरुको लागि सिप विकास तथा आयआर्जन मुलक शीर्षकको बजेट र दलित तथा महिला शसक्तिकरण कार्यविधि निर्माण सम्बन्धमा ।

निर्णय नं.११ दलित तथा महिला शसक्तिकरण कार्यविधि निर्माण गर्न देहाय बमोजिमका पदाधिकारी सम्मिलित कार्यदल गठन गर्ने र दलित युबा युवतीहरुको लागि सिप विकास तथा आयआर्जन मुलक शीर्षकको बजेट कार्यान्वयनका लाग गठित कार्यदलले सिफारिस गरे बमोजिमका कार्यक्रम सञ्चालन गर्ने ।

तपसिल

१.संयोजक श्री दिपक निसानी, कार्यपालिका सदस्य
२.सदस्य श्री मञ्जु वि.क., कार्यपालिका सदस्य
३.सदस्य श्री लवरी चौधरी, कार्यपालिका सदस्य
४.सदस्य श्री सरस्वती तिरुवा, कार्यपालिका सदस्य
५.सदस्य श्री केशर वहादुर थापा, कानुन अधिकृत
६.स.सचिव श्री संगिता शाह, महिला विकास शाखा

प्रस्ताव नं.१२ विभिन्न योजनाको रकम भुक्तानी सम्बन्धमा ।

निर्णय नं.१२ (क) आ.व.२०८१।०८२ को नीति कार्यक्रम तथा वजेट निर्माण भइ कार्यान्वयनमा रहेका योजनाहरु उक्त आ.व.मा सम्पन्न हुनुपर्नेमा सम्पन्न नभई अधुरा तथा बाँकी रहेका आयोजनाहरुको बाँकी भुक्तानीका लागी २०८२।०५।०३ गतेको ५६ औं कार्यपालिका बैठकले २०८२ पौष मसान्त सम्म म्याद थप गरी आ.व. २०८१।०८२ को वचत रकमवाट भुक्तानी गर्ने निर्णय गरेकोमा पौष मसान्त सम्म निर्माण भई दायित्व सृजना भएका उक्त आयोजनाहरुलाई आ.व.२०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी उक्त आयोजनाहरुको भुक्तानी आ.व.२०८१।०८२ को बचत रकमको सीमा क्षेत्रभित्र रहने गरी प्राथमिकताको आधारमा भुक्तानी गर्दै जान नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने र पौष मसान्त

कानुन बमोजिम निर्णय प्रमाणित गरिएको।

२६।९।२०८२

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्म पनि कार्य आरम्भ नभएका आयोजनाको हकमा म्याद थप नगरी नियमानुसार जरीवाना लगाउने र सम्झौता नै नभएको योजनाको हकमा कार्यान्वयन प्रक्रिया रोक्न निर्देशन दिने।

(ख) यस टिकापुर नगर कार्यपालिकाको कार्यालयलाई आर्थिक बर्ष २०८१/०८२ खर्च खाता बजेट उपशीर्षक टिकापुर नगर पालिका -८०७७७४००१ विधुतीय कारोबार नं.६७६५६६५०६३३०६९००८७ गो.भौ.न. ३५७ मिति २०८२ असार २५ गते टिकापुर वृहत उद्यान बंगला पार्कको पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम आयोजना (पिकनिक स्थलमा ट्रस सेड भवन निर्माण, खानेपानी टंकी मर्मत, काठको पुल मर्मत, विरेन्द्र ऐश्वर्य विश्राम बाटिका मर्मत, सौन्द्रकरण कार्य, पिकनिक स्थल जाने बाटोमा मर्मत तथा ह्युम पाइप कल्भर्ट निर्माण अल्या (८०७७७४०४१०६) आन्तरिक श्रोत भएको योजनाको दोश्रो रनिंग बिल भुक्तानी गर्ने क्रममा असारको सुत्र सफ्टवेयरको भुक्तानीका कामहरु इन्ट्री गर्ने अन्तिम दिन भएकोले आर्थिक प्रशासन शाखामा भुक्तानीको अत्याधिक चाप, सबै भुक्तानी सोहि दिन इन्ट्री गरि गर्नु पर्ने चुनौती भएकोले सुत्र सफ्टवेयरको गति slow हुँदा उक्त योजनाको भुक्तानी गर्दा भुक्तानी पाउनेको नाम छनौट गर्दा पियुष कन्स्ट्रक्सनमा छान्नु पर्नेमा पियुष निर्माण सेवा दुर्गौली-९, कैलालीलाई भुल बस छनौट भएकोले भुक्तानी दिनु पर्ने फर्म र छनौट भएको फर्मको नाम उस्तै हुन गएकोले झुक्किएर भूलबस भुक्तानी भएको हुँदा सो कुराको जानकारी हुने बित्तिकै यस कार्यालयले मिति २०८२ असार २५ गते च.नं.६०६९ मार्फत प्रभु बैंक शाखा कार्यालय टिकापुरलाई सम्बोधन गरि खाता रोक्का गरि पियुष निर्माण सेवाको सो बैंकमा रहेको खाता (१३४०१०८५१४७०००२०) मा भूलबस EFT नं.८७७७०५८१८२००५००२ बाट भुक्तानी भएको रकम रु.१६,१०,५४३ (सोह्र लाख दश हजार पांच सय त्रिचालिस रुपैया) रकम पियुष कन्स्ट्रक्सनको कुमारी बैंक खाता नं.२२२०२९२९६६३००००१ जम्मा गर्ने व्यवस्था मिलाइ दिन हुन भनि पत्राचार गरिएकोमा उक्त बैंकबाट रु.२,५४,२९८.०८(दुई लाख चौवन्न हजार दुई सय अन्ठानब्बे रुपैया पैसा आठ ) रकम पियुष कन्स्ट्रक्सनको कुमारी बैंक खाता नं. २२२०२९२९६६३००००१ मा ट्रान्सफर भएको तथा बाकि रु.१३,५६,२४४.९२ (तेह्र लाख छप्पन हजार दुई सय चवालिस रुपैया बयानब्बे पैसा) रकम मिति २०८२ असार ३१ गते पियुष निर्माण सेवा निर्माण व्यवसायी प्रकाश शाहले यस कार्यालयलाई बाकि रहेको रकम २०८२ साल भाद्र महिलो हप्ता भित्र फिर्ता गर्छु भनि प्रतिबद्धता सहित लिखित निवेदन पेश गरेको तथा मिति २०८२ भाद्र २३ गते यस कार्यालयको च.न.४४२ र ४४४ मार्फत पियुष निर्माण सेवा जानकी र प्रभु बैक टीकापुर शाखालाई पुन ताकेता पश्चात पनि बेवास्ता गरि रकम जम्मा नगरेकोले मिति २०८२ साल आश्विन ५ गते यस कार्यालयको च.नं.५०२ मार्फत ईलाका प्रहरी कार्यालय टीकापुरलाई कारवाहीका लागि सिफारिस समेत भइसकेकोले हाललाई टीकापुर नगरपालिकामा काम गर्दै आएको पियुष कन्स्ट्रक्सनलाई भुक्तानी दिन धेरै ढिलो भएको हुदाँ निजको भुक्तानी समयमै नगर्दा बाकि काम अगाडी बढाउन आर्थिक कारणले असहज भएकोले उक्त कार्य सम्पन्न गर्न सहज वातावरण बनाउन हाल उक्त तिर्न बाकि रहेको रकम नगरपालिकाको आन्तरिक श्रोतबाट बिनियोजन गरि साथै पियुष निर्माण सेवालाई बाकि रकम २०८३ असार मसान्त भित्र जम्मा गर्नेगरि असुली तथा कानुनी कारबाही प्रकृया अगाडी बढाउने र २०८३ असार मसान्त सम्म पनि असुल हुन नसकेमा तत्कालीन अवस्थामा पियुष निर्माण सेवालाई भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई रकम असुल गरी सोधभर्ना गर्ने र पियुष कन्ट्रक्शनको अन्तिम विल भुक्तानी सम्म समायोजन गर्दै जाने गरी नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

उक्त कानुन बमोजिम निर्णय प्रमाणित गरिएको।

२०८२/०८/१४

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं.१३ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत बजेट साझेदारी सम्बन्धमा ।

निर्णय नं.१३ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत चालु आ.व.२०८२।०८३मा आन्तरिक रोजगारी सृजना तथा प्रर्वद्दन क्रियाकलाप संचालन निर्देशिका रणनीतिमा तोकिए बमोजिमका क्रियाकालाप कार्यान्वयनका लागि स्थानीय तहले कम्तीमा/ शतप्रतिशत रकम साझेदारी गर्नुपर्ने प्रावधान भए बमोजिम रकम रु.४७२०००।- समपुरक कोषबाट विनियोजन गर्ने साथै अनुमोदन तथा समर्थनका लागि नगरसभामा पेश गर्ने।

प्रस्ताव नं.१४ वरघर घर निर्माण सम्बन्धमा ।

निर्णय नं.१४ टीकापुर नगरपालिका वडा नं.७ मा वरघर घर निर्माणका लागि वडाबाट सिफारिस भै आएको जग्गा नगरपालिकाको नाममा नामसारी (पास) गर्न प्रकृया थालनी गरी निर्माण कार्य अगाडी बढाउने ।

प्रस्ताव नं.१५ टीकापुर पार्क रोड मर्मत सम्बन्धमा ।

निर्णय नं.१५ टीकापुर देखि टीकापुर पार्क जाने सडक मर्मतका लागि नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

प्रस्ताव नं.१६ सुदुरपश्चिम औद्योगिक ब्यापार मेला तथा टीकापुर महोत्सव २०८२ सम्बन्धमा ।

निर्णय नं.१६ टीकापुर उद्योग वाणिजय संघ टीकापुर कैलाली द्वारा यहि मिति मिति २०८२ पौष २९ देखि माघ ११ गते सम्म हुन गई रहेको सुदुरपश्चिम औद्योगिक व्यापार मेला तथा टीकापुर महोत्सवका लागि रु.४,००,०००।- सहयोग उपलब्ध गराउने ।

प्रस्ताव नं.१७ प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति सम्बन्धमा ।

निर्णय नं.१७ टीकापुर नगरपालिका वडा नं ३ बस्ने सृष्टी चौधरीलाई सुदुरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायद्वारा सञ्चालित कृषि स्नातक तह(B.Sc.Ag) अध्ययन गर्नका लागी वार्षिक रु.७५,०००।- रकम छात्रवृत्ति प्रदान गर्ने ।

प्रस्ताव नं.१८ नगरपालिका भित्र सञ्चालन हुने खेलकुदको लागि खेल सामग्री सम्बन्धमा ।

निर्णय नं.१८ टीकापुर नगरपालिका भित्र सञ्चालन हुने विभिन्न खेलकुद कृयाकलापका लागि माग भै आएका मागहरु अध्ययन गरी न्युनतम रुपमा खेल सामाग्री उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

प्रस्ताव नं.१९ टीकापुर साहित्य महोत्सव, तेस्रो संस्करण-२०८२, थारु साहित्य तथा सांस्कृतिक उत्सव सम्बन्धमा ।

निर्णय नं.१९ टीकापुर साहित्य समाज टीकापुर, कैलाली आयोजना गर्ने "टीकापुर साहित्य महोत्सव, तेस्रो संस्करण-२०८२, थारु साहित्य तथा सांस्कृतिक उत्सव" कार्यक्रम संचालनमा सहयोग उपलब्ध गराउन थप अध्ययन गरी आगामी कार्यपालिकामा पेश गर्ने ।

प्रस्ताव नं.२० शिक्षा सम्बन्धि प्रस्तावहरु सम्बन्धमा ।

निर्णय नं.२० टीकापुर नगरपालिका नगर शिक्षा समितिको मिति २०८२।०८।२४ गतेको वैठकमा पेश तथा छलफल भई उक्त समितिले टीकापुर नगर कार्यपालिकाको वैठकमा आवश्यक निर्णयको लागि सिफारीस साथ अनुरोध गरेका निर्णयहरु अनुमोदन गर्ने,

(क) टीकापुर नगरपालिका क्षेत्रभित्रका सम्पुर्ण सामुदायीक विद्यालयहरुको शैक्षिक, भौतिक तथा व्यवस्थापकिय पक्षको समग्र अध्ययन गरि प्रतिवेदन पेश गर्ने कार्यका लागि तपसिल बमोजिमको सामुदायीक विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकिय पक्षको अध्ययन समिति गठन गर्ने ।

**तपसिल**

| क स | पद | पदाधिकारीको नाम | प्रतिनिधित्व गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|

कानुन बमोजिम निर्णय प्रमाणित गरिएको।

२६।८।२०८२

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १ | संयोजक | श्री नाथुराम चौधरी | सहप्राध्यापक, टीकापुर बहुमुखि क्याम्पस, टीकापुर, कैलाली | |
| २ | सदस्य | श्री काशिराम ढुङ्गाना | सेवा निवृत शिक्षक | |
| ३ | सदस्य | श्री धनवहादुर शाही | सेवा निवृत शिक्षक शिक्षा श्रोत व्यक्ति | |
| ४ | सदस्य | श्री हिराचन्द्र बराल | सेवा निवृत शिक्षक | |
| ५ | सदस्य-सचिव | श्री विना कुमारी पौडेल | अधिकृत, टीकापुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा | |
| पुनश्चः समितिले आवश्यकताको आधारमामा बढिमा २ (दुई) जना विज्ञहरुलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ र समितिका पदाधिकारीलाई बैठक भत्ता, यातायात खर्च, खाना खाजा एवं कार्यालय व्यवस्थापन खर्च नगरपालिकाले उपलब्ध गराउने । | | | | |

**(ख)** आर्थिक वर्ष २०८२।८३ मा "सामुदायीक विद्यालय सञ्चालन तथा विद्यालयका नीजि शिक्षक र कर्मचारी व्यवस्थापन अनुदान" शिर्षकमा अपुग हुन आउने रकम रु.१७,११,००० (अक्षेरुपि सत्र लाख एघार हजार मात्र) स्रोतको सुनिश्चितता गरी आगामी नगरसभाको वैठकमा पेश गर्ने ।

**(ग)** टीकापुर नगरपालिका अन्तर्गत वडा नं. २ मा सञ्चालित श्री जनजागृति माध्यमिक विद्यालय सितापुर विद्यालयको जिर्ण भवनको विस्तृत रुपमा प्राविधिकहरु मार्फत अध्ययन गर्न लगाई नीजहरुबाट प्राप्त हुने प्रतिवेदनका आधारमा आवश्यक रकम विनियोजन गर्ने ।

कानुन बमोजिम निर्णय प्रमाणित गरिएको।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

५८ औं कार्यपालिका निर्णय मिति २०८२।०८।२५